# आर्थिक वर्ष २०८०।८१
# को
# बजेट वक्तव्य

काठमाडौं महानगरपालिका

१० असार, २०८०

नगर सभाको बैठकमा मिति २०८० साल असार १० गते आइतबार
उपप्रमुख एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिका
संयोजक श्री सुनिता डंगोलले
प्रस्तुत गर्नु भएको
आर्थिक वर्ष २०८०/८१ को
बजेट बक्तब्य

काठमाडौं महानगरपालिका
२०८०

काठमाडौं महानगरपालिका नगर सभाको बैठकमा मिति २०८० साल असार १० गते आइतबार बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक एवम् उपप्रमुख श्री सुनिता डंगोलले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८०/८१ को बजेट बक्तब्य

"साँस्कृतिक शहर, समृद्ध महानगर"

१. यस गरिमामय नगरसभाका अध्यक्ष एवम् काठमाडौं महानगरपालिकाका प्रमुखज्यू, नगरसभाका सचिवज्यू, नगरसभाका सदस्यज्यूहरु, कर्मचारीहरु, पत्रकार तथा संचारकर्मी मित्रहरु, स्वदेश तथा विदेशबाट यस कार्यक्रममा प्रत्यक्ष प्रसारणमार्फत जोडिनु भएका सम्पूर्ण शुभेच्छुक महानुभावहरुमा हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु ।

२. नगरसभाको यस बैठकमा काठमाडौं महानगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आर्थिक वर्ष २०८०/८१ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु ।

३. यस महत्वपूर्ण अवसरमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि आफ्नो अमूल्य जीवनको आहुती दिनुहुने अमर शहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

४. मुलुकको समग्र अर्थतन्त्रका समस्या एवम् चुनौतीको परिस्थितिलाई आत्मबोध गर्दै महानगरपालिका भित्रको आर्थिक, सामाजिक र पूर्वाधार क्षेत्रको क्रियाकलापलाई गुणस्तरीय र सुशासनयुक्त बनाई नागरिकको मुहारमा खुशी ल्याउन हामीले चुनावका बखत प्रस्तुत गरिएका घोषणा-पत्रहरु समेतलाई आधार मानी आगामी आर्थिक वर्षको बजेट निर्देशित गरेको छु । साथै नेपालको संविधान, प्रचलित कानून, दिगो बिकासका लक्ष्य, नगरसभाबाट पारित आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम एवम् संघ र प्रदेश सरकारले अवलम्बन गरेका नीति, कार्यक्रम तथा बजेट समेतलाई आधार मानी यस बजेट तयार गरेको छु ।

**नगरसभाका अध्यक्ष तथा सदस्यज्यूहरु,**

५. म यस नगरसभा समक्ष आर्थिक वर्ष २०७९/८० को आयव्ययको समग्र अवस्थाको संक्षिप्त समीक्षा प्रस्तुत गर्न चाहन्छु ।

६. चालु आर्थिक वर्ष २०७९/८० मा आन्तरिक आयतर्फ रु. ४ अर्ब ८५ करोड १ लाख, राजस्व बाँडफाँडतर्फ रु. ३ अर्ब ४१ करोड ३७ लाख ७३ हजार र अनुदानतर्फ रु.२ अर्ब १५ करोड ५६ लाख ७६ हजार गरी जम्मा रु. १० अर्ब ४१ करोड ९५ लाख ४९ हजार आन्तरिक आय संकलन हुने अनुमान गरिएकोमा मिति २०८० असार ७ गतेसम्म आन्तरिक आयतर्फ रु. ४ अर्ब ८८ करोड ८७ लाख ३१ हजार, राजस्व बाँडफाँडतर्फ रु. १ अर्ब ५८ करोड ४२ लाख ६६ हजार र अनुदानतर्फ रु.१ अर्ब ९६ करोड ९६ लाख ८ हजार गरी जम्मा रु. ८ अर्ब ४४ करोड २६ लाख ५ हजार संकलन भएको छ, जुन लक्ष्यको तुलानामा ८१.०३ प्रतिशत हुन आउँछ ।

७. चालु आर्थिक वर्षमा सङ्घीय सरकारबाट राजस्व बाँडफाँड बापत प्राप्त हुने राजस्वमा कमी हुन आएको कारणले महानगरपालिकाले प्रस्ताव गरेको कूल राजस्वमा अपेक्षा गरे अनुरुप लक्ष्य हासिल हुन सकेन ।

८. यसैगरी चालु आर्थिक २०७९/८० को प्रस्तावित खर्च मध्ये आर्थिक विकासतर्फ रु. २२ करोड ९२ लाख ५० हजार, कार्यालय संचालनतर्फ रु.३ अर्ब ५३ करोड ८१ लाख ४४ हजार, पूर्वाधार विकासतर्फ रु.१३ अर्ब ७ करोड १९ लाख ४४ हजार, सामाजिक विकासतर्फ रु.३ अर्ब ६८ करोड ७८ लाख ९५ हजार र सुशासन तथा अन्तर सम्बन्धतर्फ रु. २ अर्ब १ करोड ६ लाख ५४ हजार गरी जम्मा २२ अर्ब ५३ करोड ७८ लाख ८७ हजार बिनियोजन भएकोमा मिति २०८० असार ७ गते सम्ममा आर्थिक विकासतर्फ रु.२ करोड ५७ लाख १६ हजार, कार्यालय संचालनतर्फ रु.२ अर्ब २५ करोड ७७ लाख १२ हजार, पूर्वाधार विकासतर्फ रु.२ अर्ब ८२ करोड १० लाख ०८ हजार, सामाजिक विकासतर्फ रु. १ अर्ब ५६ करोड १६ लाख ८२ हजार र सुशासन तथा अन्तर सम्बन्धतर्फ रु. ३४ करोड ३६ लाख ८१ हजार गरी जम्मा रु. ७ अर्ब ९७ लाख ९९ हजार खर्च भएको छ, जुन कूल खर्चको ३१.१ प्रतिशत हुन आउँछ ।

९. चालु आर्थिक वर्षमा काठमाडौं महानगरपालिका मार्फत कार्यान्वयन हुने नेपाल सरकार, प्रदेश सरकार तथा जग्गा एकीकरण आयोजनाहरुको लागि विनियोजित बजेट रकम रु ३ अर्ब ०५ करोड

०१ लाख ४७ हजार समेत गरी कूल विनियोजित बजेट अंक रु.२५ अर्ब ५८ करोड ८० लाख ३४ हजार कायम भएको छ ।

१०. चालु आर्थिक वर्षमा काठमाडौँ महानगरपालिकाको अनुमानित आय रु २५ अर्ब ४१ करोड ९६ लाख ९६ हजार रहेकोमा नेपाल सरकारबाट प्राप्त हुने अनुदान रकम एवं विनियोजित अंकमा वृद्धि भएको रकम रु. १६ करोड ८३ लाख ३८ हजार समेत समाबेश गरी कूल अनुमानित अंक रु २५ अर्ब ५८ करोड ८० लाख ३४ हजार कायम हुन गएको छ ।

११. चालु आर्थिक बर्षमा अपेक्षित खर्च हुन नसक्नुमा सार्वजनिक खरिद प्रक्रिया, योजना छनौट र प्राथमिकीकरण, संस्थागत क्षमता एवं अन्तर तह तथा निकाय बिचको समन्वयमा कमी लगायतका कारण समेतले अपेक्षा गरे अनुरुप लक्ष्य हासिल हुन सकेन ।

**आदरणीय सभाध्यक्ष महोदय,**

१२. अब म आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु । आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा बजेटका उद्देश्य हासिल गर्न मैले काठमाडौँ महानगरपालिकाका योजनालाई महानगर गौरवका आयोजना, महानगर स्वर्णिम आयोजना र प्राथमिकता प्राप्त आयोजनामा वर्गीकरण गरी देहाय अनुसारका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकताको लागि प्रस्ताव गरेको छु ।

क. महानगरवासीहरुको हित प्रवर्धन गर्न उपलब्ध श्रोत, सूचना र मानव संसाधनको उच्चतम परिचालन गर्दै विकासको गतिलाई तिब्रता दिने विषयहरु,

ख. महानगरभित्र निर्माण गरिने भौतिक पूर्वाधारलाई थप गुणस्तरीय बनाउने विषयहरु,

ग. समुन्नत र समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्र निर्माणमा महानगरको आर्थिक गतिविधिहरु मार्फत योगदान गर्ने विषयहरु,

घ. लैङ्गिक समानता र सामाजिक समाबेसीकरणलाई टेवा पुग्ने कार्यक्रम संचालन गर्ने विषयहरु,

ङ. मूर्त र अमूर्त सम्पदाको संरक्षण र सम्बर्धन गर्दै भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने बिषयहरु,

च. उत्तरदायित्व, जवाफदेहिता, जिम्मेवारी एवं कानुनी शासनलाई प्रोत्साहन गर्दै सुशासनयुक्त महानगर बनाउने विषयहरु,

**नगरसभाका आदरणीय अध्यक्ष तथा सदस्यज्यूहरु,**

१३. नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान तर्फ रु. १ अर्ब ४५ करोड ६२ लाख ४६ हजार, निशर्त अनुदानतर्फ रु. ७९ करोड ३६ लाख ३० हजार, आन्तरिक आयतर्फ रु. ६ अर्ब ३९ करोड २० लाख र बैंक मौज्दात रु. ११ अर्ब ७५ करोड, राजस्व बाँडफाँडतर्फ रु. २ अर्ब १६ करोड ५९ लाख ४४ हजार र सामाजिक सुरक्षा भत्ता तथा जग्गा एकीकरण आयोजनाको रु. २ अर्ब ९९ करोड समेत गरी कुल रकम रु.२५ अर्ब ५४ करोड ७८ लाख २० हजार आम्दानी हुने प्रक्षेपण गरिएको छ ।

**सभाध्यक्षज्यू ,**

१४. आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम अन्तर्गत विशेष महत्वका साथ गौरव, स्वर्णिम तथा प्राथमिकता प्राप्त आयोजनाहरु छनौट गरी देहाय बमोजिम प्रस्तुत गरेको छु:-

   क. महानगर गौरवका योजना अन्तर्गत १० वटा विषयगत क्षेत्रका योजनाहरु छनौट गरिएको छ । योजनाको लक्ष्य र लागत रकम अनुसूचीमा उल्लेख गरिएको छ । महानगर गौरव योजनाको लागि कूल रु ३ अर्ब ८० करोड रकम विनियोजन गरेको छु ।

   ख. महानगर स्वर्णिम योजना अन्तर्गत जम्मा २५ वटा विषयगत क्षेत्रका योजनाहरु छनौट गरिएको छ । स्वर्णिम योजनाहरुको लक्ष्य र लागत रकम अनुसूचीमा उल्लेख गरिएको छ । महानगर स्वर्णिम योजनाका लागि कूल रु २ अर्ब रकम विनियोजन गरेको छु ।

ग. प्राथमिकता प्राप्त योजना अन्तर्गत वडाहरुबाट तोकिएका सीमाको अधिनमा रहि योजना तथा कार्यक्रम छनौट तथा कार्यान्वयन गर्ने व्यवस्थाका लागि कूल रु १ अर्ब ७६ करोड रकम विनियोजन गरेको छु ।

**सभाध्यक्ष एवं सदस्यज्यूहरु,**

अब म विषयगत क्षेत्रतर्फको बजेट रकमको संक्षिप्त कार्यक्रम विवरण पेश गर्दछु ।

**शिक्षा**

१५. महानगर क्षेत्रभित्रका सम्पूर्ण विद्यालयको पूर्वाधार विकास तथा शैक्षिक गुणस्तर सुधार गर्दै विद्यार्थीहरुमा आधारभूत प्राविधिक ज्ञान र सीप समेतको प्रबर्द्धन गर्न **"गरीखाने शिक्षा, महानगरको इच्छा"** योजना अन्तर्गत बिभिन्न कार्यक्रम संचालन गर्न रु ५० करोड विनियोजन गरेको छु ।

१६. सामुदायिक विद्यालय परिसरभित्रको सरसफाई र सौन्दर्यीकरणलाई नियमित र स्वचालित बनाइ विद्यालय क्षेत्र हराभरा र सुन्दर बनाउनको लागि रु ५ करोड रकम विनियोजन गरेको छु ।

१७. सामुदायिक विद्यालयमा एक विद्यालय एक नर्स र एक विद्यालय एक सामाजिक सहजकर्ताको व्यवस्थापन गर्न आवश्यक प्रबन्ध मिलाएको छु ।

१८. महानगरक्षेत्रभित्रका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुमध्ये हाल कक्षा ८ सम्मका विद्यार्थीहरुलाई मात्र खाजा खर्च उपलब्ध गराउंदै आइरहेकोमा आर्थिक वर्ष २०८०।८१ देखि डिजिटल हाजिरी प्रमाणित अभिलेखका आधारमा तोकिएको दरमा खाजा सुविधा उपलब्ध गराउन आवश्यक रकम सहितको प्रबन्ध मिलाएको छु ।

१९. महानगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको तलब भत्ता मासिक रुपमा भुक्तानी गर्न रु. ३० करोडको छुट्टै सोधभर्ना कोषको व्यवस्था गरेको छु ।

२०. सबै सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुको लागि मासिक भत्ता वृद्धि गरिएको छ । सो को लागि आवश्यक रकमको प्रबन्ध मिलाएको छु ।

२१. आर्थिक वर्ष २०८०।८१ मा महानगरपालिकाको समग्र शिक्षा क्षेत्र तर्फको विभिन्न कार्यक्रम संचालन गर्न तथा नियमित क्रियाकलापको लागि काठमाडौं महानगरपालिकाको आन्तरिक श्रोतबाट रु. १ अर्ब ३२ करोड ९ लाख ३३ हजार रकम विनियोजन गरेको छु ।

**स्वास्थ्य**

२२. काठमाडौं महानगरपालिका क्षेत्रभित्रका शहरी स्वास्थ्य क्लिनिकहरुको स्तरोन्नति सहित स्वास्थ्य प्रवर्द्धन केन्द्रमा रुपान्तरण गरी महानगरवासीहरुका लागि **"सुलभ स्वास्थ्य सेवा, नागरिकलाई टेवा"** योजना मार्फत सरल र सुलभ स्वास्थ्य सेवा उपलब्ध गराउन रु ३५ करोड रकम विनियोजन गरेको छु ।

२३. महानगरवासीलाई सहुलियत मुल्यमा औषधी उपलब्ध गराउनका लागि **"सुलभ फार्मेशी"**को स्वर्णिम योजना कार्यान्वयन गर्न रु.६ करोड बजेट विनियोजन गरेकोछु ।

२४. ध्यान, योग, व्यायाम एवं बैकल्पिक तथा परम्परागत आयुर्वेदिक उपचार पद्दतिका माध्यमबाट आरोग्य जीवन सम्बन्धी कार्यक्रम संचालन गर्नका लागि आवश्यक बजेटको प्रबन्ध मिलाएको छु ।

२५. बालबालिकाको स्वास्थ्य उपचारका लागि सरकारी, सामुदायिक वा निजी अस्पताल संगको सहकार्यमा एक निर्दिष्ट नगर अस्पताल संचालनमा ल्याउन रु. १० करोड बजेट विनियोजन गरेको छु ।

२६. नेपालका विभिन्न गाउँपालिकाहरुका लागि मागको आधारमा ३५ वटा एम्बुलेन्स खरिद गरि उपलब्ध गराउन रु.७ करोड रकम विनियोजन गरेको छु ।

२७. काठमाडौं महानगरपालिकाको सहयोगमा संचालित एम्बुलेन्स सेवा (१०२ हटलाइन) संचालन गर्न रु. १ करोड ४४ लाख बजेट विनियोजन गरेको छु ।

२८. महानगर भित्रका व्यक्तिगत तथा संस्थागत भान्छाहरुलाई स्वस्थकर बनाई आरोग्यता कायम गर्न **"स्वच्छ भान्छा"** कार्यक्रमका लागि रु. ३ करोड ५० लाख रकम विनियोजन गरेको छु ।

२९. महानगरको समग्र स्वास्थ्य कार्यक्रम तर्फ कुल रकम रु. ९२ करोड ६६ लाख ४४ हजार विनियोजन गरेको छु ।

## पुर्वाधार

३०. महानगरपालिकाको वडा कार्यालय भवन क्रमशः निर्माण गर्नका लागि आवश्यक रकमको व्यवस्था मिलाएको छु ।

३१. महानगर क्षेत्रभित्रका सम्पुर्ण सडक तथा पेटी मध्ये डिपिआर भएका सडक तथा पेटीहरु मर्मत तथा निर्माण गरि **"धुलो रहित काठमाडौं"** योजनालाई कार्यान्वयन गरिनेछ। यस योजना अन्तर्गत विभिन्न कार्यक्रम संचालन गर्न रु. १०० करोड रकम विनियोजन गरेको छु ।

३२. सडक निर्माण कार्यलाई थप व्यवस्थित बनाउन आफ्नै आस्फाल्ट प्लान्ट स्थापना सहित **पुर्वाधार एम्बुलेन्स**लाई प्रभावकारी रुपमा संचालन गर्न रु. २५ करोड रकम विनियोजन गरेको छु ।

३३. महानगर क्षेत्रभित्रका प्रमुख सडकहरुमा फाइवर तथा अन्य केवल विस्तारको लागि आफ्नो Utility Duct निर्माण गरी Shared infrastructure को अवधारणा अनुरुप कार्य अगाडी बढाउन रु. १० करोड बजेट विनियोजन गरेको छु ।

३४. महानगर क्षेत्रभित्रका सडक, रेलिङ, वाल, कार्यालय परिसर, पार्क क्षेत्रलाई नियमित एवं स्वचालित रुपमा सुन्दर तथा जीवन्त बनाई राख्ने उद्देश्यले संचालित **"सुन्दर महानगर योजना"** अन्तर्गत रु. २५ करोड रकम विनियोजन गरेको छु ।

३५. "**उज्यालो शहर, मेरो महानगर**" योजना अन्तर्गत महानगरका सबै सडक तथा गल्लीमा सडक बत्ती जडान गर्ने एवं महानगरका १०० वटा मुख्य चोक तथा क्षेत्रहरुमा Highmast Light सहितको व्यवस्था गर्ने कार्यक्रमको लागि रु. ३० करोड रकम विनियोजन गरेको छु ।

३६. महानगरको सार्वजनिक पुर्वाधार निर्माण तथा सुधार तर्फ गत आर्थिक वर्षको क्रमागत योजना सहित कुल रु. ७ अर्ब ३४ करोड ६४ लाख ७१ हजार रकम विनियोजन गरेको छु ।

## संस्कृति सम्पदा तथा पर्यटन

३७. महानगर क्षेत्रभित्रको मुर्त-अमूर्त सम्पदाहरुको पुनःर्निमाण एवं संरक्षण कार्यलाई उच्च प्राथमिकता दिदै सो कार्यको कार्यान्वयन प्रभावकारी रुपमा गर्न **"संस्कृति, सम्पदा तथा पर्यटन, महानगरको**

**धन"** योजना मार्फत विभिन्न कार्यक्रम संचालन गर्नका लागि रु. ५० करोड रकम विनियोजन गरेको छु ।

३८. विभिन्न हिति र पोखरीको नियमित मर्मत सम्भार र संरक्षण कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न महानगर स्वर्णिम योजना अन्तर्गत २ वटा कार्यक्रमको लागि रु. २६ करोड रकम विनियोजन गरेको छु ।

३९. ठमेल क्षेत्रलाई पर्यटक हबको रुपमा विकास गर्दै गुरुयोजना सहितको कार्यक्रम संचालन गर्न तथा महानगरपालिका भित्रका बहा:बही सहितको पर्यटकीय क्षेत्रहरुको Route Suggestion सम्बन्धी एप निर्माण समेतको पर्यटन विकास कार्यक्रमको लागि रु. २ करोड ५० लाख रकम विनियोजन गरेको छु ।

४०. हाम्रो मौलिक तथा स्थानीय जात्रापर्वलाई प्रभावकारी रुपमा संचालन एवं प्रबर्द्धन गर्न वडा समेतका लागि कुल रु. १ करोड ८८ लाख रकम विनियोजन गरेको छु ।

४१. महानगर क्षेत्रको समग्र संस्कृति, सम्पदा एवं पर्यटन कार्यक्रमको लागि गत आर्थिक वर्षको क्रमागत योजना सहित कुल रु. २ अर्ब १३ करोड ७६ लाख रकम विनियोजन गरेको छु ।

**वातावरण व्यवस्थापन**

४२. आगामी आर्थिक वर्षभित्रमा फोहरमैला व्यवस्थापनको उपयुक्त विधि र प्रणाली सहितको कार्यक्रम संचालन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

४३. सरसफाई कार्यमा प्रयोग हुने सवारी साधन एवं यन्त्र उपकरणको उपलब्धतामा कमी नहुने व्यवस्था गर्न त्यस्ता सवारी साधन र उपकरण खरिद गर्नका लागि रु. २७ करोड रकम विनियोजन गरेको छु ।

४४. महानगर क्षेत्रभित्रका नदीहरुको नियमित सरसफाई गरी नदी किनार क्षेत्र समेतको संरक्षण कार्यक्रमलाई महानगर स्वर्णिम योजनाको रुपमा संचालन गर्न रु. ७ करोड रकम विनियोजन गरिएको छ । यस कार्यक्रममा विभिन्न संघसंस्था, निजी क्षेत्र र सरकारी निकायहरुसँग समेत समन्वय गरी कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइने छ ।

४५. वायु प्रदुषण, ध्वनी प्रदुषण लगायतका पर्यावरणीय क्षेत्रसँग सम्बन्धित विषयमा विभिन्न अध्ययन एवं अनुसन्धानको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

४६. आथिर्क वर्ष २०८०।८१ को लागि फोहरमैला व्यवस्थापन र वातावरण क्षेत्रसँग सम्बन्धित विभागीय कार्यक्रम समेतका लागि रु. ८७ करोड ९३ लाख रकम विनियोजन गरेको छु ।

**संस्थागत विकास तथा सुशासन सम्बन्धी**

४७. महानगरको क्षेत्रगत विषयको जनशक्तीको अभावलाई तत्काल परिपुर्ति गर्न कुचिकार ३०० जना, कार्यालय सहयोगी ५१ जना, चौकीदार ३२ जना, स्वास्थ्यकर्मी २६९ जना र नगरप्रहरी जवान १५१ लाई करारसेवा मार्फत सम्झौता गरी काममा लगाउन आगामी आर्थिक वर्षको लागि रु. ३० करोड रकम विनियोजन गरेको छु । नगरप्रहरी तर्फ कुल ५०० जनाको दरबन्दी रहने व्यवस्था गरेको छु ।

४८. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १२ मा व्यवस्था भएको वडा समितिको काम, कर्तव्य र अधिकारलाई अझ प्रभावकारी र नागरिकमैत्री हुने गरी प्रचलन गराउन केही योजना तथा कार्यक्रम वडा तहबाट नै संचालन गर्ने गरी कुल रु. २ अर्ब ७५ करोड ५३ लाख ७४ हजार रकम विनियोजन गरेको छु ।

४९. काठमाडौं महानगरपालिकामा लामो समयदेखि कार्यरत कर्मचारीहरुको वृत्तिविकास सम्बन्धमा बागमती प्रदेश सरकारबाट जारी भएको स्थानीय तहमा कार्यरत कर्मचारीहरुको गठन र संचालन ऐन अनुसार विभिन्न तहमा कार्यरत कर्मचारीहरुको तह वृद्धि गरी सोको लागि आवश्यक पर्ने रकमको प्रबन्ध मिलाएको छु ।

५०. काठमाडौं महानगरपालिकको हालको संगठन संरचनालाई पुनरावलोकन गर्न आवश्यक बजेट विनियोजन गरेको छु । महानगरपालिकाको निर्णय प्रक्रियालाई पारदर्शी एवं सहज, सूचना प्रविधिमैत्री, सेवाग्रहीमैत्री बनाउदै अत्यावश्यक सेवाहरु परिभाषित गरी ती सेवाहरु प्रवाह गर्न दैनिक १६ घण्टासम्म कार्यालय संचालन गर्न आवश्यक बजेट सहितको प्रबन्ध मिलाएको छु ।

५१. महानगरपालिकामा कार्यरत कर्मचारीहरुको लागि सुनौलो अवकाश योजना (Golden Handshake) का लागि आवश्यक कानून तर्जुमा गरि कार्यान्वयन गर्न रु. १० करोड रकम विनियोजन गरेको छु ।

५२. महानगर क्षेत्रभित्रका युवा जनशक्तीलाई **"श्रम बैंक"** स्वर्णिम योजनामा आबद्ध गराई सिप तथा क्षमता विकास मार्फत रोजगारीको अवसर सिर्जना गर्न रु. १० करोड रकम विनियोजन गरेको छु ।

**सहरी यातायात**

५३. पैदलयात्रीहरुलाई सहज आवागमन एवं सडक सुरक्षा सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालन गर्न रु. १० करोड रकम विनियोजन गरेको छु ।

५४. महानगरवासीलाई सरल, सहज र चुस्त आवागमनको लागि साइकल-लेनको सम्भाव्यता अध्ययन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

**कानुन तथा मानव अधिकार**

५५. महानगरवासीहरुको लागि न्याय, कानुन तथा मानवअधिकार क्षेत्रमा परामर्शको लागि स्वर्णिम योजनाका रुपमा **"न्याय चौतारी"** कार्यक्रम संचालन गर्न रु. १ करोड रकम विनियोजन गरेको छु ।

५६. महानगरपालिकाको केन्द्रीय कार्यालय र वडा कार्यालयहरुबाट निःशुल्क कानुनी सेवा प्रवाह गर्न रु. ६८ लाख रकम विनियोजन गरेको छु ।

५७. न्यायिक समिति काठमाडौं घोषणा, २०७९ को कार्यान्वयनको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

५८. वडा महिला सञ्जाललाई थप शसक्त र प्रभावकारिताको लागि आवश्यक रकम रु. ३२ लाख बजेट विनियोजन गरेको छु ।

### कृषि तथा पशुपंक्षी

५९. महानगरवासीलाई अर्गानिक तरकारी, फलफुल तथा माछामासु र अन्य खाद्यवस्तुको सहज उपलब्धताका लागि अन्य स्थानीय तहसँग सम्झौता गरी कृषिउपजको विक्री वितरण तथा भण्डारण गर्ने संस्थागत प्रबन्ध तथा **"एग्रोपुलिङ"** कार्यक्रमको लागि रु. १ करोड रकम विनियोजन गरेको छु ।

६०. महानगरपालिका क्षेत्रमा भित्रने तरकारी एवं फलफुलको विषादी परिक्षण गर्न **विषादी परीक्षण प्रयोगशाला** स्थापनाका लागि रु. १ करोड ५० लाख रकम विनियोजन गरेको छु ।

### विपद व्यवस्थापन

६१. सम्भावित विपद् जोखिम न्युनिकरण गर्ने कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

६२. विपद व्यवस्थापन सम्बन्धी विभिन्न कार्यक्रम तथा उपकरणहरु खरिद गर्न रु. ३ करोड ५० लाख रकम विनियोजन गरेको छु ।

६३. काठमाडौं महानगरपालिका क्षेत्रभित्रका विभिन्न स्थानमा वर्षात्को समयमा हुने डुवान न्यूनिकरणको लागि **"डुवान समाधान"** स्वर्णिम कार्यक्रम मार्फत खर्च हुने गरी रु. ४ करोड रकम विनियोजन गरेको छु ।

### शहरी योजना आयोग

६४. महानगरको शहरी व्यवस्थापन सम्बन्धी विषयको अध्ययन र अनुसन्धान गर्न रु. ५ करोड रकम विनियोजन गरेको छु ।

६५. काठमाडौँ महानगरपालिकाको २० वर्षे रणनीतिक योजना **"मिसन २१००"** तर्जुमा गर्नको लागि रु. १ करोड रकम विनियोजन गरेको छु ।

### सूचना तथा प्रविधि

६६. महानगरबाट प्रदान गरिने सबै सेवाहरुलाई अनलाइन प्रणालीमार्फत गर्ने गराउने कार्यलाई महानगरको गौरवको योजनाको रुपमा आत्मसात् गरि **"सुशासनको लागि अनलाइन सेवा"** योजना अन्तर्गतका विभिन्न कार्यक्रम संचालन गर्न रु. १५ करोड रकम विनियोजन गरेको छु ।

६७. महानगरका मुख्य सडक, चोक एवं गल्ली समेतमा Surveillance Camera जडान गरी महानगरवासीलाई सुरक्षित परिवेशमा बस्न योग्य शहर बनाउने उद्देश्यले **"महानगरले देख्छ"** योजनालाई गौरवको कार्यक्रमको रुपमा समावेश गरिएको छ । यस योजनाको लागि रु. २० करोड रकम विनियोजन गरेको छु ।

६८. महानगर टेलिभिजन स्थापना गर्नका लागि रु. ५ करोड रकम विनियोजन गरेको छु ।

६९. सूचना प्रविधि सम्बन्धी सम्मेलन आयोजना गर्न आवश्यक रकमको प्रबन्ध मिलाएको छु ।

७०. भवन निर्माण इजाजत, सिफारिस तथा प्रमाणित र राजश्व संकलन कार्यलाई सूचना प्रविधिको प्रयोग गरी व्यवस्थित गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

**हरियाली प्रवर्द्धन**

७१. **"मेरो रहर, हरित सहर"** उद्देश्यलाई चरितार्थ गर्न महानगर गौरवको योजनाको रुपमा कार्यान्वयन गरिनेछ । यस कार्यक्रम मार्फत महानगर क्षेत्रको पार्क, आइल्याण्डको निर्माण, मर्मत, संरक्षण र वृक्षारोपण सम्बन्धी कार्य अभियानको रुपमा संचालन हुनेछ । यस कार्यको लागि रु. ५० करोड रकम विनियोजन गरेको छु ।

७२. विभिन्न संघसंस्था र निकायसँगको सहकार्यमा आगामी आर्थिक वर्षभरि नै वृक्षारोपण कार्यक्रमहरु अभियानको रुपमा संचालन गरिनेछ । यस अभियानका लागि अन्य संघसंस्था र निकायहरुसँग सहकार्य गर्न आवश्यक रकमको प्रबन्ध मिलाएको छु ।

**सामाजिक विकास**

७३. महानगरपालिकाले सामाजिक विकासको मुख्य कार्यक्रमको रुपमा **"रोजगारी र आयवृद्धि, महानगरको समृद्धि"** कार्यक्रमलाई अघि सारेको छ । यसका लागि रु. १० करोड विनियोजन गरेको छु ।

७४. सहरी गरिबको पहिचान गरी उनिहरुका लागि सीप विकास र आयमुलक तालिम कार्यक्रम संचालन गर्न आवश्यक रकमको व्यवस्था मिलाएको छु ।

७५. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिला, विपन्न, दलित, आदिवासी, जनजाती, पिछडिएका वर्ग, सहयोगापेक्षी सडक मानव, लैङ्गिक अल्पसख्यक समुदाय समेतका लागि जीवन उपयोगी विभिन्न कार्यक्रमहरु संचालन गर्ने प्रबन्ध मिलाएको छु । यसका लागि विभिन्न संघसंस्थाहरुको सहकार्यमा कार्यक्रम संचालन गर्ने गरी बजेटको व्यवस्था मिलाएको छु ।

७६. **"साथी महानगर"** स्वर्णिम योजनाले महानगरवासीको सुखदुःखमा साथ दिने उद्देश्य लिएको छ । यस कार्यक्रमको लागि रु. २ करोड रकम विनियोजन गरिएको छ ।

७७. रोजगारी वृद्धिको लागि वेरोजगार र रोजगारदाता बिच **Job Link App** प्रयोगमा ल्याउन आवश्यक बजेटको प्रबन्ध गरेको छु ।

७८. **"एक वडा, एक नमुना उद्यम कार्यक्रम"** संचालन गर्न रु. १ करोड रकम विनियोजन गरेको छु ।

७९. **"एक टोल, एक खेलकुद पुर्वाधार"** तथा समग्र खेलकुद क्षेत्रको विकासका लागि स्वर्णिम योजना सहितको कार्यक्रम संचालन गर्न रु. १० करोड ५० लाख रकम विनियोजन गरेको छु ।

**सहकारी**

८०. संकटग्रस्त सहकारी व्यवस्थापनको लागि संस्थागत संयन्त्र निर्माण गरी प्रभावकारी कार्यक्रम संचालन गर्न सहकारी विभाग अन्तर्गत आवश्यक रकमको प्रबन्ध मिलाएको छु ।

८१. स्थानीय समुदायमा प्रचलनमा रहेको स्थानीय पेय पदार्थलाई निजी व्यवसायीको सहकार्यमा ब्राण्डिङ गर्ने कार्यको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

८२. उत्पादन र उपभोगलाई जोड्न Online e-commerce portal मार्फत मेट्रो मार्ट संचालनमा ल्याउन रु. १ करोड रकम विनियोजन गरेको छु ।

**आर्थिक विकास**

८३. निजी क्षेत्रको स्रोत, साधन, सीप र प्रविधिको उपयोग गरी सार्वजनिक निर्माण तथा सेवाप्रवाहमा साझेदारी कार्यक्रम प्रबर्द्धन गर्न आवश्यक बजेट सहितको व्यवस्था मिलाएको छु ।

८४. करको दरमा समसामयिक पुनरावलोकन गर्न तथा करको दायरा फराकिलो बनाई राजश्व परिचालनमा थप प्रभावकारिता ल्याउन कर टोली गठन गरी परिचालन समेत गरिनेछ । यसका लागि कुल रु. ३ करोड ४२ लाख रकम विनियोजन गरेको छु ।

८५. म अब काठमाडौँ महानगरपालिकाको आगामी आर्थिक वर्ष २०८०।८१ को कुल बजेट प्रस्तुत गर्न चाहन्छु । आगामी आर्थिक वर्षको लागि कूल रु २५ अर्ब ५४ करोड ७८ लाख २० हजारको बजेट तथा कार्यक्रम प्रस्तुत गरिएको छ । जस अन्तर्गत चालुतर्फ रु. ८ अर्ब ६१ करोड ५३ लाख २८ हजार र पुँजीगत तर्फ रु. १६ अर्ब ९३ करोड २४ लाख ९२ हजार विनियोजन गरिएको छ । जुन क्रमशः ३३.७२ र ६६.२८ प्रतिशत हुन आउँछ ।

अन्तमा,

८६. आगामी आर्थिक वर्ष २०८०।८१ का लागि प्रस्तावित बजेट कार्यक्रमले नगरसभाबाट स्वीकृत भएका नीति तथा कार्यक्रम कार्यान्वयनमा महत्वपुर्ण उपलब्धी हासिल हुने अपेक्षा गरेको छु । **"साँस्कृतिक शहर, समृद्ध महानगर"** नारालाई मुर्तरुप दिन नेपाल सरकार, प्रदेश सरकार एवं अन्य स्थानीय तह र काठमाडौँ महानगरपालिकाका सम्पुर्ण जनप्रतिनिधिको सक्रिय एवं सकारात्मक सहयोगको अपेक्षा गरिएको छ । साथै यस बजेट तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सम्पुर्ण महानगरवासी, महानगरपालिकाका कर्मचारीहरु, सुरक्षाकर्मी, करदाता महानुभावहरु, विकास साझेदार संघ संस्थाहरु, सरकारी, गैरसरकारी तथा सामुदायिक संघसंस्थाहरु, संचार जगतको सहयोगका लागि हार्दिक अपिल गर्दछु । यस वजेटको प्रभावकारी कार्यान्वयनमा सम्बन्धित पक्षको निरन्तर साथ र सहयोग प्राप्त हुने कुरामा म विश्वस्त छु ।

धन्यवाद । सुभाय् ।

**सुनिता डंगोल**
उपप्रमुख एवं संयोजक
बजेट तथा कार्यक्रम तर्जुमा समिति
काठमाडौँ महानगरपालिका

**१० असार, २०८०, आइतवार**
**नेपाल सम्वत ११४३ दिल्लाध्व सप्तमी, आइतवाः**